# चिङ्गाड गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
## अवलचिङ्ग, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

प.सं २०८०/०८१

च.नं.

मिति २०८०/०७/१७

### व्यवयाय दर्ता तथा नविकरण सम्वन्धी सूचना !!

कर्णाली प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८ र नियमावली, २०७९ तथा प्रदेश व्यापार-व्यवसाय (दर्ता तथा संचालन) ऐन, २०७८ नियमावली, २०८० मा व्यवस्था भएवमोजिम मिति २०८० साउन १ गते देखि रु ३ लाख भन्दा कम स्थिर पुँजी भएका उद्योग तर्फका फर्म र रु १० लाख भन्दा कम स्थिर पुँजी भएका वाणिज्य तर्फका निजी फर्महरुको दर्ता, नविकरण, नियमन तथा अनुगमन लगायतका कामकारवाही सम्वन्धित स्थानीय तहवाट नै गर्ने भनी तोकिएको हुँदा उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय वीरेन्द्रनगर, सुर्खेतबाट यस अघि दर्ता भएका उद्योग तथा वाणिज्य तर्फका सक्कलै फाइलहरु यस चिङ्गाड गाउँपालिकामा हस्तान्तरण भइ आएको हुँदा माथि उल्लेखित पुँजी भन्दा कम पुँजी राखि उद्योग दर्ता तथा संचालन गर्न र व्यापार-व्यवसाय गर्न इच्छुक व्यक्तिहरुले तपशिलमा उल्यखित कागजात सहित उद्योग तथा व्यापार-व्यवसाय दर्ता गरी सञ्चालन गर्नुहुन जानकारी गराइन्छ । साथै यस गाउँपालिका भित्र सञ्चालन गर्ने भनि विगतमा सम्वन्धित निकायमा दर्ता भएका उद्योग तथा व्यवसाय फर्महरु तपशिलमा उल्लेखित कागजात सहित मिति २०८० मंसिर १५ सम्म यस कार्यालयमा सम्पर्क गरि नविकरण गर्नुहुन समेत जानकारी गराइन्छ ।

तपशिल

| क.सं. | उद्योग तथा व्यवसाय दर्ताका लागि आवश्यक पर्ने कागजातहरु | क.सं. | नविकरणका लागि आवश्यक पर्ने कागजातहरु |
|---|---|---|---|
| १ | अनुसूचि बमोजिमको निवेदन । | १ | अनुसूचि बमोजिमको निवेदन । |
| २ | उद्योगी तथा व्यवसायीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी । | | |
| ३ | हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति । | २ | सक्कलै उद्योग तथा व्यवसाय दर्ताको प्रमाण-पत्र । |
| ४ | अर्को उद्योग तथा व्यवसाय दर्ता नगरेको स्वघोषणा । | | |
| ५ | सम्वन्धित वडा कार्यालयको सिफारिस । | ३ | सम्वन्धित वडा कार्यालयको सिफारिस । |
| ६ | वडा कार्यालयले तयार गरेको सर्जमिन मुचुल्का । | | |
| ७ | उद्योगको हकमा व्यवसाय योजना । | ४ | स्थायी लेखा नम्बरको प्रतिलिपी र हालसालै खिचेको पासपोर्ट साइजको फोटो १ प्रति । |
| ८ | यदि व्यवसायको लागि घर वा जग्गा भाडमा लिएको भए भाडा करार सम्झौता । | | |
| ९ | जग्गाधनिको जग्गाधनि प्रमाण पुर्जाको प्रतिलिपी र मालपोत तिरेको रसिदको प्रतिलिपी । | ५ | कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी । |
| १० | उद्योगको हकमा चारकिल्ला प्रमाणित । | | |
| ११ | आवश्यक भए वडाको रोहवरमा गरेको मन्जुरीनामा । | ६ | नविकरण दस्तुर तिरेको नगदी रसिद । |
| १२ | उद्योग तथा व्यवसाय दर्ताको दस्तुर तिरेको नगदी रसिद । | | |

..................

समिक्षा सोमै

प्रमुख प्रशासकिय अधिकृत

Email: chingadgaunpalika@gmail.com, ito.chingadmun@gmail.com
Website :www.chingadmun.gov.np